नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।१०।०२**

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरूलाई उनीहरूको योगदानको कदरस्वरूप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामबन्दी गरी तपसिलमा उल्लिखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन (मिति २०८२।१०।२२) भित्र यस मन्त्रालयको सूचना प्रविधि तथा तथ्याङ्क शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनरोध गरिन्छ। आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.moless.gov.np बाट Download गर्न सकिनेछ। थप जानकारीका लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ९८४३७२५००० मा सम्पर्क गर्नुहुन अनरोध छ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| १. कार्य भिसामा विदेश गई कम्तीमा १ वर्ष काम गरी फर्किएको,<br>२. वैदिशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ वर्ष पूरा भएको,<br>३. विगत ५ वर्षभित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको। | १. नेपाली नागरिकताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. गत आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७. यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा। |

**पुनश्चः** १. विगत वर्षहरूमा यस प्रकारको पुरस्कारको लागि आवेदन पेस गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरूले समेत आवेदन दिन सक्नेछन्।

२. उद्यमी पुरस्कारको लागि छनौट गर्दा; रोजगारी सिर्जना, पूँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरेको, सामाजिक दायित्व बहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्रलाई आधार लिई मूल्याङ्कन गरिने हुँदा यी आधारहरू पुष्ट्याई हुने प्रमाणित कागजातहरू समेत संलग्न गर्नुहुन सूचित गरिन्छ।

(गोरखापत्र राष्ट्रिय दैनिक

*अनुसूची -२
(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

## विदेशमा काम गरी फर्केका उत्कृष्ट उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन फारम

श्रीमान् सचिवज्यू,
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

महोदय,

म ...........वर्ष .............................. मुलुकमा बैदेशिक रोजगारीमा रही स्वदेश फर्किएको हुँदा मिति २० । । प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. नाम थर:

२. आमाको नाम:

बाबुको नाम:

३. वाजेको नाम:

४. स्थायी ठेगाना:

५. व्यवसाय गरेको ठेगाना:

(नागरिकताको छाँयाप्रति संलग्न गर्नु पर्नेछ)

६. वैदेशिक रोजगारीमा गएको देशको नाम र बसेको अवधि क्रमश:

| | मुलुकको नाम | बसाइ अवधि |
|---|---|---|
| क. | ................. | .................... |
| ख. | ................. | .................... |
| ग. | ................. | .................... |

७. बिदेशमा रहदा गरेको कामको प्रकृति/(विवरण) सिकेको सीप र ज्ञान:

..........................................................................................

---

* पहिलो संशोधनद्वारा संशोधित ।

८. राहदानी नं:

Departure र Arrival मिति र Visa समेत देखिने गरी (राहदानीको छाँयाप्रति संलग्न गर्नुपर्ने)

९. नेपालमा फर्की शुरु गरेको व्यवसायको नाम:

..........................................................................................................

१०. व्यवसायको दर्ता नं.:

११. व्यवसाय दर्ता गरेको मिति :

(व्यवसाय दर्ता प्रमाणपत्रको छायाँप्रति संलग्न गर्नुपर्ने)

१२. व्यवसायको VAT/PAN नं.:

१३. आवेदक (संचालक) को PAN नं.:

१४. उद्योगको प्रकृति उल्लेख गर्नुहोस । चिनो (√) लगाउनुहोस् ।

(क) कृषि पशुपालन
(ख) उत्पादन सम्बन्धी उद्योग
(ग) प्रशोधन र प्याकिजिङ्ग
(घ) होटल तथा पर्यटन
(ङ) अन्य:(उल्लेख गर्नुहोस्) ..............

१५. व्यवसायमा संलग्न रोजगारी संख्या:

१६. उद्योग/ व्यवसायमा लगानी गरेको पूँजी रकम:

१७. स्थानीय स्रोत साधन उपयोग गरेको भए के के उपयोग भएका छन् सो समेत खुलाउने (स्रोतको परिमाण ) ,...................................................

१८. उद्योग/व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ र प्रविधि:- चिनो (√) लगाउनुहोस् ।

(क) सबै स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने ।
(ख) ५० प्रतिशत वा सो भन्दा बढी स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने।
(ग) ५० प्रतिशत भन्दा कम स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने ।

१९. यदि निर्यातमूलक उद्योग भए वार्षिक कति रकम बराबरको कुन बस्तु निर्यात हुन्छ खुलाउने (रकम समेत उल्लेख गर्नुहोस् )

(क) निर्यात हुने बस्तुको विवरण: .....................................................

(ख) वार्षिक निर्यात भएको बस्तुको कूल रकम: ..............................

(ग) कूल उत्पादित बस्तु मध्ये वार्षिक रुपमा निर्यात हुने बस्तुको प्रतिशत उल्लेख गर्नुहोस: चिनो (√) लगाउने

(१) ६० प्रतिशत भन्दा बढी निर्यात हुने गरेको

(२) ३० देखि ६० प्रतिशतसम्म निर्यात हुने गरेको

(३) ३० प्रतिशत भन्दा कम निर्यात हुने गरेको ।

(विदेशी मुलुकमा निर्यात गरेको प्रमाण पेश गर्नुपर्ने)

२०. सामाजिक दायित्व बहन गरेको भए के कस्तो संस्थालाई कहिले, कसरी र कति रकम बराबरको योगदान गरेको हो नगद वा वस्तुगत खुलाउने (स्थानीय स्तरमा सामाजिक कार्यमा आर्थिक/बस्तुगत सहयोग, जस्तैः विद्यालय, कलेज, क्लब आदिमा आर्थिक योगदान)

..............................................................................................................

(योगदान गरेको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने । यदि वस्तुगत सहयोग गरेको भए कति रकम बराबरको सहयोग गरेको हो सो खुलाउनुपर्ने )

२१. वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन गरेको भए के कस्तो प्रविधि कसरी प्रयोग भएको छ खुलाउने ।

................................................ ................................................

(वातावरण मैत्री प्रविधि प्रयोग गरेको प्रमाण पेश गर्ने )

२२. उद्यम संचालन भएको स्थान देहायका मध्ये कुन स्थानीय तह अन्तर्गत पर्दछ खुलाउनुहोस् । चिनो (√) लगाउने

(क) गाँउपालिका क्षेत्रभित्र संचालन

(ख) नगरपालिका क्षेत्रभित्र संचालन

(ग) उपमहानगरपालिका/महानगरपालिका क्षेत्रभित्र संचालन

**नोटः आफुले उल्लेख गरेका विषयहरुको आवश्यकतानुसार पुष्ट्याइ गर्ने कागजात संलग्न गर्नुपर्नेछ ।**

निवेदक

हस्ताक्षर ............................

नाम थरः

ठेगानाः

मितिः

सम्पर्क फोन नं.:

इमेलः

संस्थाको छापः

## अनुसूची-२ बमोजिमको आवेदन फारामसाँथ संलग्न गर्नुपर्ने कागजातहरूको विवरण

क) रोजगार सिर्जना सम्वन्धी

१. कार्यरत कर्मचारीहरूको नियुक्ति पत्र (सम्भव भएसम्म),

२. कार्यरत कर्मचारीहरूको हालसालैको तलव भत्ता भुक्तान गरेको प्रमाण। जस्तैः तलवी भरपाई।

ख) पूँजी लगानी सम्वन्धी

१. स्वदेशमा व्यवसाय सञ्चालन गरेको दर्ता प्रमाणपत्रहरू,

२. गत आ.व.को नवीकरण प्रमाणपत्र,

३. गत आ.व.को कर चुक्ता/दाखिला प्रमाणपत्र

ग) स्थानीय स्रोत, साधन र प्रविधिको प्रयोग सम्बन्धी

१. व्यवसायको प्रकृति अनुसार स्थानीय स्रोत, साधन र प्रविधिको प्रयोग भए नभएको यकीन गरी सोको मात्रा निर्धारण हुने स्थानीय तहको सिफारिस पत्र,

२. खरीद बिल वा बिजक।

घ) उत्पादन निर्यात गरेको सम्वन्धी

१. कुल उत्पादन परिमाण यकिन हुने प्रमाण,

२. विदेशमा निर्यात भएको परिमाण र बिक्री बिल वा बिजक।

ङ) सामाजिक दायित्व बहन सम्वन्धी

१. स्थानीय स्तरमा सामाजिक कार्यमा आर्थिक तथा वस्तुगत सहयोग, जस्तै- विद्यालय, कलेज, क्लब वा अन्य कार्यमा आर्थिक योगदान गरे बापत प्राप्त सहयोग रसिद वा कुनै प्रमाण।

च) वातावरणमैत्री प्रविधिको प्रयोग तथा प्रदुषण व्यवस्थापन सम्वन्धी

१. स्थानीय तहको सिफारिस पत्र।

छ) अन्य, (सूचनामा समेत उल्लेख गरिएको छ)

१. नेपाली नागरिकताको प्रतिलिपि,

२. भिसा सहितको राहदानीको प्रतिलिपि,

३. श्रम स्वीकृतिको प्रतिलिपि,

४. नेपाल र श्रम स्वीकृति लिई गएको गन्तव्य मुलुकबाट राहदानीमा लागेको Arrival and Departure Stamp पाना,

५. विगत ५ वर्षभित्र यस प्रकारको पुरस्कार प्राप्त नगरेको स्वघोषणा।